Regd. No.: 392/047/048


# महिला पुनर्स्थापना केन्द्र (ओरेक)
Women's Rehabilitation Center (WOREC)

मिति : २०७८ मंसिर २

## महिला माथि भएका हिंसाको मासिक प्रतिवेदन कार्तिक,२०७८

महिला पुर्नस्थापना केन्द्र, ओरेकले महिला हिंसारहित जीवन यापनका लागि पैरवी गर्ने तथ्यगत माध्यम घटना अभिलेखन र प्रकाशनलाई प्राथमिकताका साथ केन्द्र, जिल्ला तथा परियोजना कार्यालयहरुमा तथ्याङ्क व्यवस्थापन गरि काम गर्दै आइरहेको छ । हरेक महिलना झै यो महिनामा घटेका महिला हिंसाका घटनाहरुको विश्लेषण गर्दा समग्र तथ्याङ्को ५५ प्रतिशत ७० जनामा सबै भन्दा बढी घरेलु हिंसा भएको तथ्याङ्कले देखाएको छ । महिलाहरु महिला भएकै कारणले विभिन्न हिंसा खेप्न वाध्य भएका छन् । परिवार, समाज र राज्यमा स्थापति पितृसत्तात्मक सोँच र सोही अनुरुप विभेदकारी मूल्य मान्यताका कारण हुने हिंसा महिलाले भोग्नैपर्ने नियती जस्तै बनेको छ । यो तथ्याङ्कबाट महिलाहरु घर परिवार जहाँ महिलाले धेरै सुरक्षा पाउनु पर्ने हो त्यस ठाँउमा नै बढी असुरक्षित भएको देखिएको छ । कार्तिक महिनामा मात्र ओरेकले आफ्नो कार्यालयमा अभिलेखिकरण गरेका (९९) तथा विभिन्न राष्ट्रिय पत्रपत्रिकाहरुबाट प्राप्त (२८) घटनाका आधारमा १२७ वटा लैङ्गिक विभेदमा आधारित हिंसाको तथ्याङ्क अभिलेखिकरण गरेको छ ।


**क) हिसाको प्रकार**




ओरेकले अभिलेखीकरण गरेको तथ्याङ्कलाई विश्लेषण गर्दा कार्तिक महिनामा ७० वटा (५५ प्रतिशत) घरेलु हिंसाको तथ्याङ्क संकलन भएको छ । यसैगरी २२ वटा (१७ प्रतिशत) बलात्कारको तथ्याँक संकलन भएको छ । त्यसैगरी १२ वटा (९ प्रतिशत) हत्याको

घटना, ९ वटा (७ प्रतिशत) सामाजिक हिंसाको घटना, ६ वटा (५ प्रतिशत) यौन दुर्व्यवहारको घटना त्यसैगरी ३ वटा (२ प्रतिशत) बलात्कारको प्रयासका घटना संकलन भएको छ भने त्यस्तै, २ वटा (२ प्रतिशत) मध्ये १ वटा हराएको अवस्थामा फेला परेको घटना र १ वटा एसिड आक्रमणको घटना संकलन भएका छन् त्यस्तै १ वटा (०.८ प्रतिशत) हत्या प्रयास, १ वटा (१.८ प्रतिशत) आत्महत्या प्रयासको घटना र १ वटा (०.८ प्रतिशत) मानव वेचविखनको प्रयास जस्तो जधन्य अपराधको तथ्याँक संकलन भएको छ ।

**ख) प्रभावितको उमेरको आधारमा बर्गीकरण**





उमेरको आधारमा विश्लेषण गर्दा कार्तिक महिनामा मात्रै सबैभन्दा धैरे ४२ जना (३३ प्रतिशत) १७ देखि २५ वर्ष उमेर समुहका युवा महिलाहरु रहेका छन् । त्यसैगरी हिंसामा पर्ने सबै भन्दा बढी ३१ जना (२४ प्रतिशत) २६ देखि ३५ वर्ष उमेर समूहका महिलाहरु बढी हिंसमा रहेको पाइएको छ । त्यस्तै २३ जना (१८ प्रतिशत) १६ बर्षभन्दा कम उमेरका बालिका तथा किशोरीहरु, १८ जना ( १४ प्रतिशत) ३६ देखि ४५ वर्ष उमेर समुहका महिलाहरु, त्यस्तै १० जना (८ प्रतिशत) ४६ देखि ५५ उमेर समुहका महिलाहरु रहेका छन भने ३ जना (२ प्रतिशत) ५६ वर्ष भन्दा माथि उमेर समुहका महिलाहरु हिंसाको जोखिममा रहेको पाइएको छ ।

Regd. No.: 392/047/048

महिला पुनर्स्थापना केन्द्र (ओरेक)
Women's Rehabilitation Center (WOREC)

### ग) प्रभावितको आरोपितसँगको सम्बन्ध





प्रभावित र आरोपितको सम्बन्धलाई बिश्लेषण गर्दा कार्तिक महिनामा सबैभन्दा बढी ६३ वटा (५० प्रतिशत) हिंसा श्रीमानबाट भएको छ भने २० वटा (१६ प्रतिशत) छिमेकीबाट भएको छ, १७ वटा (१३ प्रतिशत) हिंसाको घटना परिवारका सदस्यवाट भएको छ, त्यस्तै १० वटा (८ प्रतिशत) हिंसा प्रेमिबाट, त्यसैगरी ९ वटा (७ प्रतिशत) हिंसाको घटना अपरिचित व्यक्तिबाट, ४ वटा (३ प्रतिशत) हिंसा साथिबाट, ३ वटा (२ प्रतिशत) हिंसा सेवा प्रदायकबाट, र १ वटा (१ प्रतिशत) हिंसा अविवाहित तर सँगै बसेका व्यक्तिबाट भएको पाईएको छ ।

Balkumari, Lalitpur, P.O.Box : 13233, Kathmandu, Nepal Tel: (+977)-01-2123124; (+977)-01-5186073; (+977)-01-5186374 Fax: (+977)-01-5186271 Email: ics@worecnepal.org URL: www.worecnepal.org

महिला अधिकार तथा सामाजिक न्यायमा आधारित दिगो विकासको प्रवर्द्धनका लागि जुटौं ।

घ) आरोपित र उमेर




यस्तै, हिंसामा संलग्न पुरुषहरुको उमेरको विश्लेषण गर्दा कार्तिक महिनामा सबैभन्दा धेरै २६ देखि ३५ वर्ष उमेर समुहका ३६ जना (२८ प्रतिशत) युवाहरु रहेका छन् । यसैगरी ३० जना (२३ प्रतिशत) १७ देखि २५ बर्ष उमेर समुहका युवाहरु रहेका छन, २३ जना (१८ प्रतिशत) ३६ देखि ४५ बर्ष उमेर समुहका पुरुषहरु छन त्यस्तै २१ जना (१६ प्रतिशत) उमेर समुह थाहा नभएका युवा तथा पुरुषहरु, त्यस्तै १० जना (८ प्रतिशत) ४६ देखि ५५ वर्ष उमेर समुहका पुरुषहरु छन्, भने ६ जना (५ प्रतिशत) ५६ वर्ष भन्दा माथिका पुरुषहरु र २ जना (२ प्रतिशत) १६ वर्ष मुनिका किशोरहरु हिंसामा संलग्न भएको तथ्याङ्क पाइएको छ ।

**निश्कर्ष:**

तथ्याँकको आधारमा विश्लेषण गर्दा महिला हिंसा सबैभन्दा बढी संख्यामा आफ्नो घरमा नै बढी जोखिममा रहेको पाईएको छ । जहाँ घरपरिवारका सदस्य, आफ्नो श्रीमान्, आफन्त र आफु बस्ने समाजबाट हुने हिंसाले महिलाहरु जहाँ छन् त्यहीँ नै असुरक्षित छन् भन्ने कुराको पुष्टी गर्दछ । अर्थात महिलाहरुको लागि सुरक्षित स्थान छैन । जहाँ हिंसा खेप्न नपरोस् । यो आफैमा चुनौतीपूर्ण विषय हो । त्यसकारण घरेलु हिंसा तथा महिलामाथि हुने सबैखाले हिंसा अन्त्यका लागि व्यक्तिगत सोँच र व्यवहारमा परिवर्तन गर्नुपर्ने र यसका लागि स्थानीय तहदेखि नै हरेक घर सुरक्षित बनाउने अभियान सञ्चालन गर्नुका साथै मानव अधिकारको सम्मान गर्न दिगो विकास र समृद्ध नेपाल सुखी नेपालीको सपनालाई सकार पार्न महिला माथि हुने सबै प्रकारको हिंसा अन्त्य गर्नु अत्यन्त आवश्यक छ ।

लुभराज न्यौपाने
कार्यकारी निर्देशक
ओरेक